# नाम्खा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

(प्रशासन शाखा)

यात्वाङ, हुम्ला

कर्णाली प्रदेश, नेपाल

प.सं. : २०७६।०७७

च.नं. : ५२६

मिति : २०७७।१।२१

विषय : **सूचना ! सूचना ! ! सूचना ! ! !**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१६ मिति २०७६।१२।२६ गतेको पत्र अनुसार स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सकृयता अपनाउने सम्बन्धी परिपत्र बमोजिम तपसिलका उपाय अपनाउन हुन यस गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको जानकारीको लागि यस सूचनाद्धारा सूचित गरिन्छ ।

(क) आफु भन्दा एक तह माथिको कर्मचारीसंग नियमित सम्पर्कमा रहने ।

(ख) टेलिफोन, इटरनेट जस्ता सूचना प्रविधिका साधनहरु प्रयोग गरी घरमै बसेर गर्न सकिने कार्यहरु कार्यालय प्रमुख तथा सुपरिवेक्षकसंग समन्वय गरी सम्पादन गर्ने ।

(ग) COVID-19 भाइरसबाट आफु सुरक्षित रहने तथा आफ्नो परिवारका सदस्यहरु र आफ्नो सम्पर्कमा रहेका व्यक्तिहरुलाई नेपाल सरकारले दिएका निर्देशनको पूर्ण पालना गर्न सहयकोग र सहजीकरण गर्ने ।

(घ) आफ बसेको स्थान वरिपरि लकडाउन लागु भएको मिति पछि COVID -19 प्रमावित स्थानबाट आएको व्यक्ति अनावश्यक घुमफिर गरेको पाइएमा निजलाई क्वारेण्टाइनमा नवसी वाहिर हिडडुल गरेको पाइएमा सम्बन्धित वडा कार्यालयमा जानकारी गराउने । साथै सोको सूचना जिल्ला प्रशासन कार्यलय र जिल्ला प्रहरी कार्यालयलाई समेत गराउने ।

(ङ) कुनै व्यक्तिमा COVID -19 संग मिल्दोजुल्दो लक्षण देखिएमा तुरुन्त स्वस्थ्य संस्थामा जान अनुरोध गर्ने तथा आवश्यक परेको अवस्थामा वडा कार्यालय वा गाउँपालिकामा खवर गर्ने ।

(च) नेपाल सरकारका निकाय तथा स्थानीय तहबाट संचालन गरिएका लगत संकलन, राहत वितरण जस्ता कार्यमा सहयोग पुर्‍याउने ।

प्रमुख प्रशासकीय अधिकृत

# नाम्खा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)
याल्वाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल


प.सं. : २०७६।०७७
च.नं. :

मिति : २०७७।१।२१

(छ) दैनिक उपभोगका वस्तुहरुको मूल्य अस्वभाविक रुपमा वढेको पाइएमा सोको जानकारी बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/कार्यालय /प्रमुख जिल्ला अधिकारी/स्थानीय तह/नजकिको प्रहरी एकाईलाई जानकारी गराउने ।

(ज) अनावश्यक रुपमा कुनै व्यक्तिहरुलाई घरवाहिर ननिस्किन अनुरोध गर्ने । साथै, अत्यावश्यक कामको लागि घरवाहिर निस्किँदा माक्सको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने तथा आफ्नो सम्पर्कका अन्य व्यक्तिहरुलाई समेत मास्कको प्रयोग गर्न र सामाजिक दुरी कायम गर्न प्रोत्साहन गर्ने । कुनै व्यक्तिले यी विषयहरु पालना नगरेको अवस्थामा स्थानीय तह वा नजिकको प्रहरी एकाईलाई खवर गर्ने ।

(झ) दैनिक उपभोग्य वस्तुहरु बिक्री वितरण गर्ने स्थानमा सामाजिक दुरी कायम गर्ने व्यवस्था भए नभएको हेरी नभएको पाइएमा त्यस्तो दुरी कायम गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने र सो बमोजिम नगरको पाइएमा स्थानीय तह वा प्रहरी एकाइमा सूचना दिने ।

(ञ) दैनिक उपभोग्य सामाग्रीहरुको अभाव हुन सक्ने अवस्थालाई मध्येनजर गरी यस्ता वस्तुरुको मितव्ययी प्रयोग गर्ने तथा अन्य व्यक्तिहरुलाई मितव्ययी बन्न अनुरोध गर्ने ।

(धर्मराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री सूचना प्रविधि शाखा
नाम्खा गाउँपालिका , याल्वाङ, हुम्ला : वेभसाईट तथा अन्य सूचना माध्यममा अपलोड गर्नुहुन ।
श्री स्वास्थ्य शाखा
नाम्खा गाउँपालिका , याल्वाङ, हुम्ला